प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
बुटवल, नेपाल

पत्र सख्या : ०७६/७७
चलानी नं.: १३५५

मितिः २०७६।०८।०५

**खेलकुद संरचना निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**

प्रथम पटक सूचना प्रकाशन मिति २०७६।०८।०५

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.ब. २०७६।०७७ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेशभित्र खेलकुद संरचना निर्माणको कार्यक्रम रहेको र उक्त कार्यक्रम अन्तर्गत यस मन्त्रालयसँगको साझेदारीमा इनडोर तथा आउटडोर खेलकुद संरचना निर्माण गर्न इच्छुक यस प्रदेश अन्तर्गतका खेलकुद सम्बद्ध संघसंस्थालाई तपसिल बमोजिमका विवरण तथा कागजातसहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस मन्त्रालय वा सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

१. खेल संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।
२. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी निर्माण कार्य प्रारम्भ भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।
३. चालु आब २०७६।०७७ मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।
४. खेल संरचना निर्माणका लागि यस मन्त्रालयबाट उपलब्ध गराइने बढीमा बीस लाख रकमको कम्तीमा २० प्रतिशत अर्थात् कम्तीमा चार लाख साझेदारी गर्ने सम्बन्धित स्थानीय तहको सुनिश्चितता पत्र ।
५. सम्बन्धित संघ संस्थाको यस मन्त्रालयबाट निकाशा हुने रकमको कम्तीमा १० प्रतिशत साझेदारी गर्ने निर्णयसहितको सुनिश्चितता पत्र ।
६. खेलमैदान निर्माण प्रारम्भ पूर्वको प्रारम्भिक प्रमाणित लागत अनुमान ।
७. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसीमा सहितको स्पष्ट कार्ययोजना ।
८. स्थानीय तहले चालु आ.ब. २०७६।०७७ मा उक्त खेल संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजन भएको बजेटको विवरण ।
९. निर्माण गरिने खेल संरचनाको प्रमाणित लागत अनुमान, नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।

२०७६-०८-०५

विष्णु प्रसाद पन्थी
शाखा अधिकृत